ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५ औं वर्ष
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: ३३२ ॥ शनिबार ९ जेठ २०८३ ॥ सप्तमी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Saturday 23 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/–

## सबै अध्यादेश स्वीकृत नहुने

सन्देश संवाददाता

काठमाडौं/नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारले ल्याएको सबै अध्यादेश राष्ट्रिय सभाबाट स्वीकृत नहुने बताएका छन्। कोशी प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्दै आफूहरुले नीति तथा कार्यक्रम र बजेटमा सरकारलाई अप्ठेरो नपारेपछि सबै अध्यादेश स्वीकृत गर्न नसकिने बताए। उनले भने–हाल अध्यादेश अस्वीकृत गर्ने कुरा राष्ट्रियसभामा छ।

हामी सबै अध्यादेश अस्वीकृत गर्नु हुँदैन भनिरहेका छौं। सहकारीसँग जोडिएको विषयको अध्यादेश छ, अरु अध्यादेशहरु छन्, यी अध्यादेशहरु अगाडि बढ्न दिनुपर्छ। संवैधानिक परिषद्सँग जोडिएको अध्यादेश र अरु बाँकी रहेका नागरिकका मौलिक अधिकार–हरु खण्डित गर्ने कानुन ल्याएर ल्याएको अध्यादेशका सन्दर्भमा यसलाई रोक्नुपर्छ। उनले भदौ घटनाबारे मानवअधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरे।

उनले भने–मानवअधिकार आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्नैपर्छ। र, भदौ २४ गतेका सन्दर्भमा त्यसको न्यायिक छानबिन गरेर साँच्चिकै जसले आपराधिक मनोवृत्ति राखेर २४ गते काम गरेका छन्।

# सरकारी कर्मचारीको तलब बढाउने तयारी

सन्देश संवाददाता

काठमाडौं/आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य वाचन गर्दै अर्थमन्त्री जनार्दन शर्माले निजामती कर्मचारी र शिक्षकको तलब १५ प्रतिशतले बढाएका थिए। तर आव २०८०/८१, २०८१/८२ र २०८२/८३ मा तलब बढेन।

निजामती सेवा ऐनमा तलब भत्ता पुनरावलोकन समितिले प्रत्येक तीन वर्षमा राजस्व वृद्धिदर, कुल दरबन्दी संख्या र बिगत तीन वर्षमा मूल्यसूचीको आधारमा प्रदान गरि–एको महंगी भत्तालाईसमेत आधार मानेर तलब भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्ने भनिएको छ।

ऐनको दफा २७ मा भएको व्यवस्थाअनुरुप गत साल नै कर्मचा–रीको तलब वृद्धि हुनुपर्ने हो। तर, गत वर्ष सरकारले राजस्वले नधान्ने भन्दै कर्मचारीको तलब बढाएन। तर यसपटक भने मुख्यसचिव सुमन–राज अर्याल अध्यक्ष, अर्थ मन्त्रालयका सचिव डा.घनश्याम उपाध्याय र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी सचिव चन्द्रकला पौडेल सदस्य रहेको तलब भत्ता पुनरावलोकन समितिले तलब बढाउन सिफारिस गरेको उच्च स्रोतले जानकारी दिएको छ।

सामान्य प्रशासन मन्त्रालय स्रोतका अनुसार समितिले कार्यालय सहयोगीको मासिक तलब ३५ हजार रुपैयां र मुख्य सचिवको एक लाख २१ हजार रुपैयां बनाउन सिफारिस गरेको हो। हाल कार्यालय सहयोगीको तलब २७ हजार ६१२ र मुख्य सचिवको ७७ हजार २११ रुपैयां छ।

पुनरावलोकन समितिले गरेको सिफारिसअनुरुप नै तलब वृद्धि भयो भने सबैभन्दा तल्ला तहका कर्मचारीको तलब करिब २७ प्रतिशतले बढ्नेछ, भने मुख्यसचिवको तलब ५६.७१ प्रतिशतले बढ्नेछ।

"पुनरावलोकन समितिले बढाउनुपर्छ भनेर सिफारिस गरिसकेको छ," समान्य प्रशासन मन्त्रालय स्रोतले सञ्चारकर्मीसग भन्यो, 'कति बढाउने भन्ने अन्तिम निर्णय सरकारले आर्थिक अवस्था हेरेर गर्ला।'

सरकारले बजेट निर्माणका क्रममा कर्मचारीको तलब–भत्ता र राजस्वका दरका विषयमा अन्तिमतिर निर्णय गर्छ। हालसम्म अर्थ मन्त्रालयमा तलब भत्ता वृद्धिका विषयमा छलफल नभएको मन्त्रालयका एक अधिकारीले बताए। 'पुन–रावलोकन समितिले तलब बृद्धिको सिफारिस गरेको जानकारी आएको छ। तर, बजेट निर्माणका क्रममा यस विषयमा हालसम्म छलफल भएको छैन। केही दिनमा निर्णय होला,' अर्थ मन्त्रालयका ती अधिका–रीले बताए।

निजामती कर्मचारीहरूको संगठनले आधारभुत तलबमान ३८ हजार ८६२ रुपैयाा बनाउन माग गरेका छन्। अहिलेको बजार मूल्य र आवश्यक पर्ने क्यालोरीको आधारमा यो तलबमान माग गरिएको निजामती कर्मचारी युनियनका अध्यक्ष उत्तमकुमार कटुवाल बताउंछन्।

कर्मचारीहरूले सामाजिक सुरक्षा र स्वास्थ्य, निवृत्तिभरण तथा उपदान, आवास तथा सहुलियत, पेशागत सुरक्षा तथा क्षमता विकास, ट्रेड युनियन अधिकार, डिजिटल प्रशासनलगायत माग राखेका छन्।

२०७९ सालमा सरकारले देशको आर्थिक अवस्था र खर्च वहन गर्ने क्षमता समेतका आधारमा राष्ट्रसेवक कर्मचारी र श्रमिकहरूको न्युनतम तलब, भत्ता, पारिश्रमिक एवम् सुविधा पुनरावलोकन गर्न उच्चस्तरीय तलब सुविधा आयोग गठन गरेको थियो।

पूर्वमुख्यसचिव लिलामणि पौडेल संयोजक र पूर्वसचिव विमल वाग्ले र चार्टर्ड एकाउन्टेण्ट शिवदेव पाण्डे सदस्य रहेको आयोगको तीन वर्षअघिकै प्रतिवेदनको आधारमा अहिले समितिले तलब बृद्धिको सिफारिस गर्न लागेको देखिन्छ।

त्यतिबेला आयोगले कर्मचा–रीको आधारभुत तलबमान ३५ हजार रुपैयाँ र मुख्यसचिवको १ लाख २२ हजार ५०० बनाउन सिफारिस गरेको थियो। आयोगका एक सदस्य भन्छन्, 'प्रतिवेदन कार्यान्वयन हुन लाग्नु सकारात्मक छ तर त्यसमा मूल्यबृद्धि समायोजन गरेको भए सुनमा सुगन्ध हुने थियो।'

आयोगले सबैभन्दा तल्लो तहका कर्मचारी र सबैभन्दा उच्च तहका कर्मचारीको तलबको अनुपात १:३.५ बनाउन सुझाव दिएको थियो। सोहीअनुरुप सिफारिस गर्दा तल्ला तहका कर्मचारीको तलब वृद्धि प्रतिशत कम र उच्च तहका कर्मचारीको वृद्धिको प्रतिशत उच्च हुन गएको सामान्य प्रशासन मन्त्रालय स्रोतको दाबी छ। आयोगका ती सदस्य तलब मात्रै होइन, कर्मचारी र तिनका परिवारको आवास, स्वास्थ्य र शैक्षिक सुविधा बृद्धिमा जोड दिनुपर्ने बताउंछन्। नेपाल सरकारले चाहने हो भने राज्यकोषमा ठूलो भार नपा–रेरै कर्मचारीका लागि आवास, स्वास्थ्य र तिनका सन्तानको शिक्षा लगायतमा योगदान गर्न सकिने उनको भनाइ छ।

तलब बृद्धिको सिफारिस सकारात्मक छ। त्योसंगै अनावश्यक खर्च कटौतीलगायतमा सरकारले बोल्ड निर्णय गर्न सक्नुपर्छ,' आयोगका सदस्य भन्छन्। बिगत लामो समयदेखि राष्ट्रसेवक कर्मचा–रीको तलब नबढेको अवस्थामा वर्तमान सरकारले तलब बढाउने सोच बनाएकोमा कर्मचारीहरुले सकारात्मक रुपमा लिंदै बिगतका बर्षमा झैं 'हात्ती आयो फुस्सा' भनेझैं नहोस् भने।

# प्रदेशस्तरीय खेलकुदको लागि बन्द प्रशिक्षण सुरु

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि मकवानपुरमा बन्द प्रशिक्षण सुरु भएको छ। प्रदेश खेलकुद विकास परिषद् बागमतीको आयोजनामा जेठ १३ गतेदेखि १५ गतेसम्म काठमाडौंमा हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि बिहीबारबाट मकवानपुरमा बन्द प्रशिक्षण सुरु भएको हो। बिहीबार बाट सुरु भएको बन्द प्रशिक्षण मंगलबारसम्म सञ्चालन हुनेछ।

उसु, तेक्वान्दो, कराते, कबड्डी, भलिबल र एथ्लेटिक्स लगायत ६ विधाका खेलहरुमा रनिङ शिल्ड प्रतियोगितामा सञ्चालन हुनेछ। बन्द प्रशिक्षणमा करिब २० लाख खर्च हुने अनुमान गरिएको छ। हेटौंडाबाहेक पालिकाबाट आएका खेलाडीहरुका लागि खानासहित बासको व्यवस्था गरिएको छ भने अन्य खेलाडीहरुका लागि डाइट/खाजाको व्यवस्था गरिएको छ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा सम्पन्न भएको जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनौट भएका खेलाडीहरुलाई बन्द प्रशिक्षणमा राखिएको खेलकुद अध्यक्ष राजकुमार मोक्तानले जानकारी गराएका छन्। यसअघि गत वर्ष जिल्लाबाट छनौट भएका खेलाडीहरु–लाई विविध कारण बन्द प्रशिक्षणमा राख्न नसके पनि यस वर्ष भने बन्द प्रशिक्षणमा राखिएको छ। प्रदेशस्त–रीय प्रतियोगितामा मकवानपुरले नतिजा राम्रो ल्याउनका लागि बन्द प्रशिक्षणमा खेलाडीहरुलाई राखिएको अध्यक्ष मोक्तानले बताएका हुन्। यसअघिको प्रतियोगितामा मकवानपुर चौथो स्थान हासिल गर्न सफल भएको उनले बताए। गत वर्षको तुलनामा यस वर्ष अब्बल नतिजा ल्याउने लक्ष्य मकवानपुरले लिएको उनले बताए।

उसुमा १२ जना, तेक्वान्दोमा १२ जना, करातेमा १२ जना, कबड्डीमा २० जना, भलिबलमा १८ जना र २० जना र एथ्लेटिक्समा २४ जना खेलाडी प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुनेछन्। जिल्लाबाट प्रदेशस्तरीय प्रतियोगिताका लागि छनौट भएर बन्द प्रशिक्षणमा रहेका खेलाडीहरु जेठ १२ गते काठमाडौं प्रस्थान हुने बताइएको छ।

यसैगरी उसुको प्रशिक्षण हेटौंडा–४ हुप्रचौरमा रहेको खेलकुद भवन, हेटौंडा–८ स्थित कमानेको चन्द्रोदय माध्यमिक विद्यालयको चौर र बागमती गाउँपालिका फापरबा–रीस्थित ठाडीखोलामा हुने।

उसु संघ सचिव विश्वनाथ पाठकले बताएका छन्। उसुको थाउलो विधा प्रदर्शनीमा ३/३ छात्रछात्रा र सानसो विधा फाइटमा ३/३ जना छात्रछात्र खेलाडीहरुको सहभागिता रहने उनले बताए। कामनेमा पाठकले, खेलकुदमा बिमल थापामगरले र बागमतीमा जयराम रखालमगरले प्रशिक्षण दिनेछन्। बाहिरी पालिकाका खेलाडीको शिक्षामा असर पर्ने कुरालाई मध्यनजर गर्दै पालिकामै प्रशिक्षण गराइएको उनले बताए। उनका अनुसार करिब २ घण्टाको हिंडाइको संघर्ष गरेर प्रशिक्षण गर्नुपर्ने अवस्था छ। प्रदेशस्तरीय प्रतियोगितामा छनौट भएका उसुतर्फका १२ खेलाडीमध्ये सबभन्दा बढी ९ जना बागमतीका खेलाडीहरु रहेको उनले बताए।

तेक्वान्दोतर्फ विहान ६ बजेदेखि ८ बजेसम्म र साँझ ३ बजेदेखि ५ बजेसम्म हेटौंडा–४ स्थित कर्रामा रहेको तेक्वान्दोको कभर्डहलमा बिमल बिश्वकर्माले प्रशिक्षण दिइरहेका छन्। तेक्वान्दोतर्फ टिम व्यवस्थापकका रुपमा माधब कोइराला छन्।

एथ्लेटिक्सतर्फको खेलमा बैकल्पिक २ जनासहित २४ खेलाडीको प्रदेशस्त–रीय प्रतियोगितामा सहभागिता रहनेछ। उनीहरुका एथ्लेटिक्स मुख्य प्रशिक्षक राजाराम पोखरेल, मकवानपुर जिल्ला एथ्लेटिक्स संघ अध्यक्ष प्रभाकर पाण्डे, रमन झा, सन्देश राई र सन्ध्या आचार्यले प्रशिक्षण दिइरहेका छन्।

यस वर्ष गत वर्षको तुलनामा अझ बढी ल्याउने लक्ष्य लिएको एथ्लेटिक्स संघ अध्यक्ष पाण्डेले बताए। उनले शनिबार र आइतबार बिदाको समयमा अलि बढी प्रशिक्षण दिने गरेको बताए।

बकैया, बागमती र थाहा नगरका केही खेलाडीहरु भने प्रशिक्षणमा आउन बाँकी रहेको उनले बताए। गत वर्षको प्रतियोगितामा मकवानपुर एथ्लेटिक्समा दोस्रो भएको थियो। करातेतर्फ प्रदेशस्तरीय प्रतियोगिताका लागि सबभन्दा बढी बकैयाका खेलाडी सहभागी हुँदैछन्।

खेलाडीलाई भने हेटौंडा–४ स्थित कभर्डहलमा प्रशिक्षण दिइरहेको छ। बागमती र हेटौंडाको खेलाडी–लाई मुकुन्द श्रेष्ठ र मोहन श्रेष्ठले प्रशिक्षण दिइरहेका छन्।

*नेवारी सस्कृतीको पुस्तारन्तरणको पहिलो प्रयास*

# ३ दिने 'नेवा: फुड फेस्टिबल हुँदै

सन्देश संवाददाता




हेटौंडा/हेटौंडामा रहेका नेवारी सुमदायमा हराउदै गएको नेवारी संस्कृति तथा परम्परालाई पुस्तान्तरण गर्ने उदेश्यले पहिलो पटक ३ दिवशीय 'नेवा: फुड फेस्टिबल तथा नेवारी नृत्य कार्यक्रम' आयोजना गरिने भएको छ।

नेवा: फुड फेस्टिबल संगमचोक समिति हेटौंडा–२ को आयोजना र हेटौंडा उपमहानगर पालिका र २ नम्बर वडा कार्यालयको संयोजनमा आगामी जेठ १५, १६ र १७ गते हेटौंडा–२ संगमचोकमा खाना महोत्सव हुन लागेको हो। आयोजक समितिका अध्यक्ष अनिलकृष्ण खड्गीको अध्यक्षता तथा वडा अध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यतामा बसेको बैठकले पत्रकार सम्मेलनमार्फत् नेवारी खाना महोत्वसको बारेमा जानकारी दिईएको हो।

खाना महोत्सवमा नेवार समुदायको परम्परागत खानाका परकार, नेवारी भेषभूषा, गीत–संगीत र नृत्यसहित राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुति रहने आयोजकले जनाएको छ। तीन दिनसम्म चल्ने महोत्वसमा प्रख्यात नेवारी गायिकाद्वय निशा देशार र रत्नशोभा महर्जनको बिशेष नेवारी प्रश्तुती रहने आयोजक महर्जनले जानकारी गराए।

पत्रकार सम्मेलनमा तीन दिनसम्म चल्ने महोत्वसको अन्तिम दिन सशुल्क विशेष परम्परागत नेवारी भोज (सुकु भ्वय्) खुवाइने योजना रहेको महर्जनले जानकारी गराए। संगम चोकमा खानाको स्टलहरु बनाउने कार्य सुरु भएको र स्टल बुकिङ सुरु भएको समितिका सचिव चन्द्र शाहीले जानकारी गराए।

हेटौंडा–२ का वडा अध्यक्ष महर्जनले महोत्सवले नेवारी कला–संस्कृतिको जगेर्ना गर्नुका साथै आन्तरिक पर्यटन र स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउने बताउँदै ३ दिन सार्वजनिक बिदा परेकोले पनि महोत्वमा करिव २० हजारले अवलोकन गर्न सक्ने उनले आंकलन गरे।

अध्यक्ष महर्जनले मल्लकाल–देखि कला र सस्कृतीको लागि धनी मानिएको नेपाल राज्यमा वर्तमानका युवा पुस्ताले सबै संस्कृती बिर्सन लागेकोले काठमाडौंबाट टोली बोलाएर भएपनि हेटौंडाका सबै नेवार समूदायका युवाहरुलाई नेवारी कला सस्कृतीको बारेमा जानकारी गराउन हामीले सानो प्रयास सुरु गरेका हौं, उनले भने।

पत्रकार सम्मेलनमा वडा सदस्य सुरज बर्तौला, समितिका सचिव चन्द्र शाही, कोषाध्यक्ष आनिका श्रेष्ठसहित सदस्यहरू मेघलाल खड्गी, सुकुमार मानन्धर, विश्वनारायण श्रेष्ठ, सुनिल खड्गी, मानकुमार चाहल, कल्पना चाहल, सुनिता पाठक र मनमाया जिम्बाकाे उपस्थिति थियो।

महोत्सव प्रत्येक दिन दिउँसो ३:०० देखि बेलुका ९:०० बजेसम्म सञ्चालन हुनेछ।






# छोरीहरू किताब हुन्

कथा:



त्रिभुवनचन्द्र वाग्ले

उनीहरू अर्थात् प्रवीणा नहाँसेपछि न्यायाधीशले सोध्नुभयो-"यदि मसँग रसरङ्गको चेतना हुँदैनथ्यो भने उहिल्यै आत्महत्या गरिसकेको हुन्थेँ" यो भनाइ सुन्नुभएको छ, कसले भनेका हुन् ?
दुवैले टाउको हल्लाए-'थाहा छैन ।'

'गान्धीजीले, महात्मा गान्धीले' न्यायाधीशले हाँस्दै भन्नुभयो-"हाँस्नुहोस् र आत्महत्याको भयंकर बाटो छाड्नुहोस् ।" आत्महत्या अपराधमात्र होइन पाप पनि हो "न्यायाधीशले बोल्न थालेपछि अधिकांश सहभागी छक्क परे-न्यायका कुरा गर्लान् भनेको त पाप र पुण्य ! धर्मका कुरा ।

प्रवीणा, खासमा उनीहरू प्रवीण र वीणा थिए । प्रेममा एउटा नयाँ अभ्याससस्वरूप प्रवीण र वीणा शब्दको सन्धिबाट उनीहरूले आफूलाई प्रवीणा बनाएका थिए ।

उनीहरूले अदालतको बयानमा आफ्नो नाम क्रमश: प्रवीण उर्फ प्रवीणा र वीणा उर्फ प्रवीणा बताउँदा धेरै सहभागी छक्क परेका थिए, कस्ता जिनिस आएछन् यहाँ ! न्यायाधीशले बयानको कारवाही अगाडि बढाउन आदेश दिए । प्रवीणले पहिला चारैतिर र पछि न्यायाधीशलाई एकोहोरो हेरेर भने-'तिमीले मलाई जलाउन सक्दैनौ, त्यसैले मैले आफैँलाई समाप्त गरेँ' भनेर भगवानलाई चुनौती दिन मानिसले रोजेको बाटो हो आत्महत्या ।

बिल महेर (जन्म २० जनवरी १९५६), अमेरिकी कमेडियन । 'सेन्स अफ ह्युमर भएका मानिसले आत्महत्या गर्दैनथे भने यो संसारमा कसैले पनि आत्महत्या गर्दैनथे न्यायाधीश साप...' प्रवीणले सोधे, 'सेन्स अफ ह्युमर नभएका पनि मानिस हुन्छन् र ?' बन्द ओठमाथि दुई औँला राखी आँखा चिम्लेका न्यायाधीशले थप भनाइ राख्न प्रवीणलाई संकेत गरेपछि प्रवीणले भने-

कलेस्ती बजारबाट दोभान र मादीको एकुवार हुँदै छाङ्गे बराहतलका ठूला ठूला ढुङ्गा र गल्छेडो पार गरी परेवारहमाथि रहेको पहराको खोचमा पुग्यौँ । साउने झरी एकनास थियो । "सबै सल लेऊ", मैले भनेँ । उनले दिइन् । मादीमा माछा मार्न सक्रिय लोग्ने मानिस र मादीले बगाएर ल्याएका दाउरा टिप्न आतुर दिदीबहिनी देखेर हामी रोमाञ्चित थियौँ । लोग्ने मानिसले एउटा लँगौटी मात्र लगाएका थिए । महिलाले छाती र अधोअङ्ग मात्र ढाकेका थिए । आखिर नाङ्गो हुनु र नहुन पनि समयसापेक्ष सन्दर्भ रहेछ !

वीणातिर संकेत गर्दै प्रवीणले सम्झिए-उनका बाबाले कृष्णाष्टमीको दिन छोरीले पकाएको चिचिण्डोको तरकारी र भुजा खाने भन्नुभएको थियो रे....।

हाम्रो टाउकोमाथि केही परेवा उडेका थिए । केही घुरिरहेका थिए । केही प्रेमातुर देखिन्थे । केही चुच्चो चुच्चो जोडेर निश्चल थिए; शायद कसैले नसुन्ने गरी सल्लाह गर्दै थिए कि !

पहराबाट तप्तप पानी चुहिएको थियो । मादी सुसाइरहेको थियो, मानौँ गीत गाएको थियो । त्यो पनि तीजका विरह लाग्दा गीत । चराहरू कराइरहेका, उडिरहेका थिए, यस्तो कि उनीहरू कोही गाइरहेका, कोही नाचिरहेका थिए ।

उनी र म टाँसिएपछि उनको छातीले मलाई घचेटेजस्तो, घोचेजस्तो भयो । कपाल, सिर्रर हावाले मेरो मुखमा ल्यायो । मैले बिस्तारै उनको कपाल हटाएँ । म जान्न चाहन्थेँ- "उनलाई कस्तो अनुभव भइरहेको छ ?" मैले उनलाई छातीमा टाँसिन आग्रह गर्दै सलले फनफन्ती हामीलाई बेरेँ, पटुका बाँधेजस्तै । हामी एकाकार भयौँ । उनको र मेरो नाकनाक, मुखमुख, छातीछाती, नाभीनाभी र घुँडाघुँडा जोडिए । केही वर्षअघि जन्त जाँदा सुनेको-

प्राणस्ते प्राणान् सन्दिधामि
अस्थिमिस्ते अस्थानी सन्दिधामि
मांसस्ते मांसानी सन्दिधामि
त्वच्वा ते त्वच्वं सन्दिधामि ।

धार्मिक मन्त्रोच्चारणको याद आयो । शुरुमा मैले यसको अर्थ बुझेको थिइनँ । पछि शब्दको अर्थ मात्र नभएर यसको तात्पर्य, भावार्थ, व्यञ्जना वा बक्रोक्ति बुझेँ । मेरा पिताजीले बताइदिनुभएको थियो 'प्राणमा प्राण, हड्डीमा हड्डी, मासुमा मासु र छालामा छाला समाहित होस् । एकाकार होस्, एकीकृत होस् ।' हो हामी एकाकार हुन चाहन्थ्यौँ ।

"फुस्कँदैन, हामीले कसेको गाँठो अरूले फुस्काउन सक्ने कुरै भएन ! अब त हामीले पनि फुस्काउन सक्दैनौँ", मैले भनेँ । त्यही विवाहमा यसरी नै कसिएको आँचल गाँठो देखेर म रोमाञ्चित थिएँ । उनको निधार र नाकबाट पानी चुहिएको थियो । मैले पुछिदिएँ । भुइँमा बस्न नमिलेपछि हामी छेवैको अग्लो ढुङ्गामा आढेस लिएर उभियौँ । लडियो भने एकैचोटि मादीमा खसिने भीर छ तल ।

जीवनको यो खण्डमा आइपुग्दा मैले कहिल्यै सोचेको थिइनँ, यस्तो क्षण पनि आउने छ । प्रवीणले स्कुलका दिन सम्झिए, स्कुलबाट साँझ घर फर्कँदा आमाले मलाई घाँसको भारी माथि राखेर फर्कनुहुन्थ्यो । कहिले वीणाका बाबा लिन आउनुहुन्थ्यो र हामी दुवैलाई डोऱ्याउँदै घर ल्याउनुहुन्थ्यो । घरबाट लिन नआउँदासम्म हामी सिसमटार स्कुलको वरको फेदमा कहिले विवाह गरेको, कहिले लोग्नेस्वास्नी भएको, कहिले ढुङ्गालाई छोराछोरी बनाएर सँगै सुतेको, कहिले मास्टर भएर पढाएको अभिनयमा खेल्थ्यौँ । कतिपटक मैले उनको सर्टभित्र मेरो झोला राखिदिएको थिएँ, ताकि उनी आमा र म बा हुन खोजेको दृष्य देखियोस् । कापीका पाना च्यातेर मैले उनको छातीमा स्तन बनाइदिन्थेँ । उनले बच्चालाई त्यो चुसाउँथिन् । म बिरामी भएका बेला उनले मलाई औषधी खुवाउँथिन् । मैले पनि यस्तै गर्थें । उमेर बढ्दै गयो । पहिला जस्तो खेल्न नमिले पनि असाध्यै माया गर्थ्यौं एकअर्कालाई । प्रवीण रोकिएसँगै न्यायाधीशको सङ्केतपछि वीणाले पुराना घटना सुनाइन ।

आमालाई हरेपले टोक्दा प्रवीणले मानिस खोजेर दमौली अस्पताल पुऱ्याउन सहयोग गरे । आमालाई कुरेर रातभरि हामी अस्पताल बसेका थियौँ । हामी दुवैको टाउकोमा हात राखेर आमाले, "तिमीहरू सँधै सँगै रहनू", भन्नुभएको थियो तर, हामी हार्ने अवस्था आयो । जित्ने कोसिस स्वरूप दुवैजना सलमा बाँधिएर बग्न चाहेका थियौँ ।

यो मुद्दामा कसैले जितेको छ भने प्रवीणाले जितेका छन् । अरू सबै हारेका छौँ । म न्यायाधीश पनि यस मानेमा हारेको छु कि मैले पनि छोरी नामका धेरै पुस्तक पढेको रहेनछु । उनीहरूको मनोविज्ञान, विशेष आवश्यकता र सुसुप्त चाहना नेपाली समाज तथा परिवारले यथेष्ठ पढेको पाइँदैन । आज म फैसला र आदेशभन्दा पनि सबै बाबु-हरूका नाममा आग्रह जारी गर्छु-"छोरीलाई पढ्नुपर्छ ।

छोरीहरू किताब हुन् ।" सच्चा प्रेमका खातिर आवेगमा आएर, संवेगात्मक मनोद्दीपमा उनीहरू एउटै डोरीमा बाँधिएर मर्न चाहेका देखियो । मनसाय खराब देखिएन । आज उप्रान्त सबै बाबुहरूलाई आमाजस्तै भएर छोरीलाई बुझ्न, पढ्न र उनीहरूसँग अन्तरक्रियात्मक (इन्टरएक्टिभ) हुन आग्रह गर्छु । विद्वान् मनोविज्ञानवेत्ता श्री भीमशेखर कर्णलाई वीणाको मनोविज्ञान अध्ययन गरी सामाजिक उपचारार्थ उनका बाबुलाई सुझाव दिन आग्रह गर्छु ।

प्रहरीको दाबीअनुसार यी दुई व्यक्तिले फौजदारी कार्यविधि संहिताको दफा १२२ बमोजिम सार्वजनिक स्थानमा अश्लील क्रियाकलाप वा व्यवहार गरेको वा यौनाङ्ग देखाएको वा अश्लील शब्द बोलेका वा इशारा गरेको मुनासिव प्रमाण देखिएन ।

यसैगरी, फौजदारी कार्यविधि संहिताको दफा १८५ अनुसार कारबाही माग भएकामा यहाँ कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिने वा त्यस्तो काम गरेको परिस्थिति खडा भएको उचित प्रमाण पनि भेटिएन । यस्तो अवस्थामा यो मुद्दामा मुलुकी अपराध संहिता ऐन, २०७५ आकर्षित हुने अवस्था रहेन । फैसलाको पूर्ण पाठ तयार गर्न आदेश गर्छु ।

# मेरो पहिलो प्रेम पत्र



न्यानो माया अनि मिठो सम्झना .! सानु जीवनमा पहिलो प्रेमपत्र तिम्रो नाममा कोर्दैछु । तिम्रो न्यानो स्नेह र साथको आशमा । सायद तिम्रो मायामा म नजानिँदै फस्दैछु र मलाई साहरा दिइ बचाउने पनि मात्र तिमी छौ यो संसारमा । के मेरो समीपमा आएर मेरो माया स्वीकार्छौ भन्ने आशा लिएको छु. !

सानु भन्छन्, माया बस्न मात्र एक नजर नै काफी छ । तर म त्यसको प्रतिकार गर्थें, वाहियात ठान्थें । सोच्थेँ, यो त सब भन्ने कुरा न हो । अनि विश्वास गर्थें, यथार्थमा । अरूले गर्ने मयालु भावनाका कुरामा कहिल्यै विश्वासै लाग्दैनथ्यो । तर अहिले ! म गलत भइरहेछु सानु तिम्रा ती निश्चल र निर्मल नयनका सामु म झुकेँ वा झुकाइएँ ।

तिम्रो एकै नजरले मैले आफूलाई गुमाएँ । म नचाहेरै पनि तिमीतिर तानिएँ । तर, तिमी ! तिमी त यो मेरो प्रेमबारे नै अनभिज्ञ छौ, नादान छौ । अचम्म लाग्छ, किन म तिमीसँग आँखा जुधाउन सक्दिनँ । मेरा आँखा अनायसै झुक्छन्, तिमी सामु हुँदा । मेरो जिउ शिथिल हुन्छ तिम्रो समीपमा आउँदा । के तिमीलाई मेरो यो अवस्थाको आभाष हुँदैन ? वा तिमी निर्दोष बनिरहेकी छौ सानु जानी जानी ? म तिम्रो निर्मल आँखाको सागरमा डुबुल्की मार्न चाहन्छु, हराउन चाहन्छु, अनि भुल्न चाहन्छु आफैलाई ।

तिमीमा, र केवल तिमीमा । पूर्णरूपमा समाहित भएर, बस् तिमीसँग । ती नीलो सागर सिंगै बोक्ने तिम्रो नयन, त्यो हँसिलो र प्रज्वलित मुखमण्डल अनि मधुर मुस्कान देख्दा लाग्छ तिमी मानव नभएर साक्षात ईश्वरको प्रतिबिम्ब हौ । तिम्रो निकटता कल्पिँदा संसारका सबै सुख र खुसीहरु मेरा पाउमा झुकिरहेका छन् झैँ लाग्छ । के छ खास तिम्रो मुस्कानमा, जसले हरक्षण मलाई पागल अनि पागल बनाउँदै लगिरहेको छ । तर यो पागलपन, उफ ! कस्तो आनन्दको आभाष । तिमीलाई एउटा कुरो भनौं? मेरा आँखाहरू तिमीलाई नै खोजिरहन्छन्, हरक्षण । तिमी हिँड्ने बाटोमा मेरा नजर बिछ्याएर बसिरहन्छु म । केवल तिमीलाई लुकेरै नियाल्न ।


मैले लिने हरेक श्वासमा तिम्रो प्रेमको मीठो वासनाको अनुभव गर्छु म । मेरो मुटुको हर धड्कन तिम्रै नाममा धड्किरहेका हुन्छन् । यी ओठ, केवल तिम्रो नाम पुकारिरहेका हुन्छन् । के तिमीले सुनेकी छौ सानु मेरो दिलको आवाज ? मेरो मनमा प्रवाहित तरङ्ग तिम्रो मनसम्म आइपुगेका छन् ? तर जेहोस्, म यो सानो पत्र तिम्रो नाममा कोर्दैछु, एउटा झिनो आशमा कि तिमीले एकदिन मेरो भावना बुझ्नेछौ । मेरो मनको चाहनालाई चिहान बन्न दिनेछैनौ । तर, यो त मात्र मेरो मनको आश न हो, जुन पूरा नहुन पनि सक्छ ।

तिमी विश्वास गर या नगर मेरो माया सागर जस्तो निर्मल र पवित्र छ, बादल जस्तो शितल छ, वसन्तको सौन्दर्य जस्तो सुन्दर छ, गोधुली साँझ जस्तो शान्त छ अनि सुधा जस्तै अमर छ । तर मेरो मायालाई स्वीकार गर्नु या नगर्नु त्यो त तिम्रो इच्छा को कुरो सानु । म त फेरि गरिब परिवारको एक्लो छोरा तिमीले स्वीकार्यौ भने संसारको सबैभन्दा धेरै र ठुलो खुसी मिल्नेछ मलाई ।

तिम्रो न्यानो काखमा असीम माया पोखि दिनेछु छताछुल्ल हुने गरी, अनि हराउनेछु तिमीभित्र । अस्वीकारै गरेपनि म दु:खी हुने छैन । मलाई थाहा छ, मैले तिमीलाई निस्वार्थ प्रेम गरेको छु । मैले मेरा हरेक श्वासका झोंक्का तिमीप्रति समर्पित छ । अनि अत्यन्तै प्रगाढ र गाढा । म तिमीप्रतिको प्रेमले मेरा हरेक अवयवहरुमा सीञ्चित गरेर राख्नेछु अनि जिउने प्रयास गर्नेछु तिम्रै प्रेममा । मेरो मायामा स्वार्थ नै छैन अनि मैले तिमीलाई जबर्जस्ती पाउने चेष्ठा गरेको छु ।

मेरा लागि प्रेम आत्मिय बन्धन हो, जहाँ मनसँग मनको गहिराइ नापिन्छ र यो अटुट र हन्छ । के तिमी मेरो यो मिठो अनुरोध स्वीकार गर्छौ? तिम्रो मायामा रम्ने हक दिन्छौ मलाई ? म तिम्रो जवाफ पर्खिरहनेछु, ।

# बकैया हाम्रो



जनार्दन खनाल

श्रीधर्मराज यी लामिछाने पालिका अध्यक्ष
किसान तर्फ उनको रुची गएको विशेष
श्रीउपाध्यक्ष श्रीभक्त खत्री खुलस्त बोल्दछन्
सकेको जति यिनले पनि विकास गर्दैछन्
।।
बकैया गापा वडा नं. सात श्रीहाथी खोलामा
दुईटा राम्रा उध्योगहरू भएका स्थापना
श्रीहिरामणी खहरे लाईं योतट बन्धले
जोगायो बस्ती निस्कीयो जग्गा जतन सँगले
।।
मकैका बोट हरियैबाट स्लाइस निर्माण
घाँसको साटो प्रयोग हुने पशुका खाध्यान्न
उद्योग दाना खोलिंदा अहो उराठ बगर
अहिले त्यही बजार सरी अत्यन्त सुन्दर
।।
जोखीम मोल्दै केन्द्रमै गई दूधको सम्झौता
गरेको हुँदा रोकिन्न पैसो बेलैमा पाएका
पालन पशु गरेर राम्रा गरेका आम्दानी
किसानहरु भएको खुसी उठ्दैछ जीवनी
।।
अध्यक्ष धर्म आफैमा उनी कुशल कृषक
भएको हुँदा किसानप्रति सदैव चिन्तित
गाउँमै बसी महकी गर्छ अठोट मनमा
लिएका हाम्रा किसानहरु बन्दैछन् नमुना
।।
किसानबाट किनेर आफै पशुका निमित्त
पोषिला खाना निर्माण दाना भएको उचित
दुईटामात्रै पालेमा गाई चालीस हजार
सजिलैसँग आयको श्रोत योठूलो औसर
।।
अरुले केके विकास गरे बकेया पालिका
किसानका निम्ति फाईदामुखी विविध क्षेत्रका
यो खाका कोर्दै अगाडि बढ्दै सम्बृद्धि अवश्य
हुनेछ राम्रो बकैया हाम्रो सुखद् भविष्य
।।
किसानलाई ग्राह्यता दिँदै विकास निर्माण
जिल्लामै राम्रों देखिनेगरी भएका सम्पन्न
प्रगतितर्फ लम्कदै अझै यसको उचाई
चुलिदै जाओस् पालिकालाई मेरो छ बधाई
॥
बकैया-४ छतिवन

# भ्रमको काख र आमा

कविता :



दिलीप श्रेष्ठ

**१. भ्रमको काख र आमा**
जीवनका गोरेटोहरूमा
मैले आमा, सानीआमा, सौतेनीआमा
र अरू धेरै आमाहरूको
मातृत्व, करुणा र क्रोध भोगेको छु
।।
मेरो त्यो भोगाइले
समय घर्किसकेपछि मात्र थाहा पायो कि
सबै आमालाई "आमा" मान्नु
धोका र भ्रम पनि हुन सक्ने रहेछ
।।
किनकि पुतनाले
आमा बनेरै कृष्णलाई
विषालु काखमा राखेकी थिइन्
।।

**२. परम्परा**
परम्पराको नाममा
राउटेलाई अझै जङ्गलमै छाडिएको छ
सहर त्यसैमा खुसी छ
गाइनेलाई अझै
सारङ्गीको धुन बोकेर ।
।।
गाउँ चाहार्न विवश पारिएको छ
संस्कृति त्यसैमा खुसी छ
र परम्पराकै नाममा
अझै हजार चोट दिएर
भक्कुको राँगो मारिएको छ
मानवता त्यसैमा खुसी छ
।।
तर के यो परम्पराको खुसी
सबैका लागि
सधैंका निम्ति हुन सक्छ ?
परम्परा त आखिर
"सतीप्रथा" पनि परम्परा नै थियो
॥

## मकवानपुरमा आज


१: १: मातृभूमि साहित्य समाज मकवानपुरको आयोजनामा अन्तर संवाद , कार्यपत्र प्रश्तुती सम्मान समर्पण तथा काव्य बाचन कार्यक्रम बिहान ११:३० बजे रोयल पार्टी प्यालेसमा ।

## तपाईंको आज


| | | | |
|---|---|---|---|
| मेष | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ । | बृष | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ, प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । |
| मिथुन | सम्भावना र अवसर खोजी गर्ने समय छ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन साथीको सहयोगले हिम्मत दिलाउनेछ । | कर्कट | दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । |
| सिंह | केही फाइदा लिन अर्को वस्तु त्याग्नु पर्ला । व्यवसायमा लगानी बढाउनु पर्ने समय छ । सरसापटमा धन बाहिरिन सक्ने योग देखिनेछ । | कन्या | स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ । खानपान र आहारविहारमा ध्यान पुऱ्याउनुहोला केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ । |
| तुला | तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । घुमफिर तथा मनोरञ्जनको समय छ । | बृश्चिक | श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्कालै प्राप्त नहुन सक्छ । भएको आम्दानी र सञ्चित रकमसमेत खर्चनु पर्ने योग देखिएको छ । |
| धनु | भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ । | मकर | श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । |
| कुम्भ | आम्दानीका स्रोत पनि बढ्नेछन्, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ । | मिन | समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउने योग छ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
विज्ञापन शाखा : ९८६१७०५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# राष्ट्रको भलाई



चेतप्रसाद पौडेल
(सैपुले साहिंलो)



जुरुक्क
उठेर
कदम
बढाए ।
॥१॥
खुरुक्क
जुटेर
नमन
चढाए ।
॥२॥
राष्ट्रको
गौरव
बढेर
त्यो आज ।
॥३॥
उन्नति
पथमा
नेपाली
समाज ।
॥४॥
जानेथ्यो
भन्ने नै
लाग्दछ
मलाइ ।
॥५॥
नेपाल
राष्ट्रको
हुनेथ्यो
भलाइ ।
॥६॥
राष्ट्रिय
अस्तित्व
सबैले
बुझेर ।
॥७॥
राष्ट्र र
जनता
संविधान
पूजेर ।
॥८॥
एकता
सूत्रमा
आवद्ध
हुनुछ ।
॥९॥

नेपाली जनता राष्ट्रमा जुटेर ।
सुरक्षा दिनुछ जुरुक्क उठेर ॥

# प्रेम र प्रकृति

कविता :



हेमा सुवेदी

आज धर्तीमा एउटा अनुपम छटा देखिएको छ
सूर्य र हिमालको प्रणय छताछुल्ला पोखिएको छ
सूर्यले हिमालको सिउँदो सजाइदिंदा
हिमाल मदहोस् भएर झुमिदिंदा
आज आकाशमा बिछट्टै उज्यालो फैलिएको छ ।
।।
नाप्नै नै हो भने
आज हिमाल एकबित्ता अग्लेको छ
नलग्लिनु पनि किन ?
त्यो उसको प्राकृतिक अधिकार हो
आज उसको सूर्यको जन्म दिन हो ।
।।
माथि त्यो हल्लीखल्ली चलिरहँदा
तल हिमनदी . . . . ?
।।
सूर्यसँग प्रेम बसेपछि नै हो
हिमनदी आफ्नो लयमा बग्न थालेको
हास्न बिर्सिसकेको ऊ हास्न थालेको थियो
पलपल मर्दै गइरहेको ऊ बाँच्न थालेको थियो
आज भने ऊ टक्क रोकिएको छ
कति पेचिलो छ,
।।
सत्यता बाध्यता समाज र विधताको कथा
जीवन, जगत् प्रेम अनि नैतिकताको कथा
माथि शिखरमा प्रेम उत्सव छ
खोँचमा प्रेम चीत्कार छ
आज हिमनदी हिममैदान बनेको छ ।
।।
आज समयले एउटा नयाँ प्रश्न सोधेको छ
आज प्रेमले एउटा नयाँ उत्तर खोजेको छ
आँसु त हत्केलाले पुछ्न सकिन्छ
मुटु केले पुछ्ने होला ?

# 'मेरो सपना'

दिनभरि कामको थकान
रातमा राम्ररी मेट्न नपाउँदै
बिहानै उठेर
यही काम गर्नेबारे सोच्दछु !
मेरो सामुन्नेका मिसिलको चाङहरू
हत्या, बलात्कार, अपहरण जस्ता
जघन्य जघन्य घटनाहरूले
रातका सबै सपनाहरू ब्युँताउने
निस्पट्ट अँध्यारो-अँध्यारो रातजस्तै
सोच्छु, सोच्दछु र सोचिरहन्छु !
।।
कति हुन्छन् हत्या अनि बलात्कारहरु ?
किन घट्छ यस्ता जघन्य अपराधहरू ?
मानिसको सोच कहिले बदलिन्छ ?
यस्तै यस्तै प्रश्नले निरन्तर निरन्तर
पोलिरहन्छ छातीको कुनाहरू ।
।।
कास मेरो पनि
सपनाहरूले मधुमास मान्न पाए
जून तारा, ग्रहहरू र गोधूलिहरूमा
नतमस्तक भएर रमाउन पाए
दिनभरि, दिलभरि घायल भएको
शिथिल मनहरू ।
।।
दिवास्वप्न
हरेक घुम्ती अनि मोडहरूमा
चङ्गा उडे जस्तै गरेर
खुल्ला आकाशमा
म पनि त उड्ने थिए होला
तर यहाँ म मजबुर राष्ट्रभक्त सिपाही
कुनै कमजोर मजदुर झैँ
दिन भरी व्यस्त जिन्दगीसँग
तिनै हत्या र बलात्कारको मिसिल
यिनै शङ्कित व्यक्तिको बयान
तिनै पीडितहरूको चित्कार
कानबाट मस्तिष्क हुँदै ।
।।
अनन्त मनसम्म गएर रोकिन्छ
सोच्छु आखिर के को लागी
आखिर कस्को लागि हुन्छ यो सब !
।।
नारीको चित्रण यसै गरी भएको छ
समाजमा उत्पात मच्चाउने पुरुषहरूले
बसमा यात्रामा निस्किएकी दिदीबहिनी
जङ्गलमा घाँस दाउरा गर्न गएको महिला
स्कुल पढ्नको लागि गएकी छात्रा
दिनानुदिन बलात्कारको सिकार हुन्छन्

# नेपाललाई टेक हब बनाउने अवधारणामा सरकार

काठमाडौं/सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले फोरजी सेवा विस्तार, डिजिटल पूर्वाधार निर्माण, डाटा सेन्टर सुदृढीकरण तथा साइबर सुरक्षामा लगानीलगायत विषयहरु सरकारको प्राथमिकतामा रहेको बताएका छन् ।

संघीय संसद् प्रतिनिधिसभाअन्तर्गत् शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिमा बोल्दै सञ्चारमन्त्री तिमिल्सिनाले नेपालमा डिजिटल पूर्वाधार विस्तार, दूरसञ्चार सेवाको गुणस्तर, साइबर सुरक्षा, डिजिटल अर्थतन्त्र, सूचनाप्रविधि क्षेत्रमा लगानी, मिडिया तथा विज्ञापन नीतिलगायत समसामयिक विषयबारे समितिलाई जानकारी गराएका हुन् ।

सरकारले डिजिटल विभाजन अन्त्य गर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले यसका लागि तत्कालीन, मध्यमकालीन र दीर्घकालीन योजनाअनुसार अघि बढिरहेको स्पष्ट पारे । समितिमा आफ्नो धारणा राख्दै सञ्चारमन्त्री तिमिल्सिनाले देशका सबै भूभाग, विशेषगरि दुर्गम क्षेत्र तथा ग्रामीण भेगमा टेलिफोन र इन्टरनेट सेवाको पहुँच विस्तार तथा गुणस्तर सुधार सरकारको मुख्य प्राथमिकतामा रहेको बताए ।

उनका अनुसार आगामी आर्थिक वर्षमा थप बजेट तथा कार्यक्रममार्फत् नेटवर्क विस्तार, पूर्वाधार सुदृढीकरण तथा सेवा गुणस्तर सुधारका कामहरु तीव्ररुपमा अघि बढाइनेछ । सरकारले एक वर्षभित्र थप फोरजी विस्तार, नयाँ साइट स्थापना तथा आवश्यक पूर्वाधार निर्माणमार्फत् दुर्गम बस्तीमा समेत सेवा पुर्‍याउने स्पष्ट कार्ययोजना अघि बढाएको उनले जानकारी दिए । हालसम्म देशका ७ सय ५० स्थानीय तहमा फोरजी एलटीई सेवा पुगेको र ७ सय ५३ वटै स्थानीय तहमा टुजी सेवा विस्तार भइसकेको जानकारी दिँदै मन्त्री तिमिल्सिनाले अब सरकारको ध्यान सेवाको गुणस्तर सुधारमा केन्द्रित रहेको बताए । उनले अल्पकालीनरुपमा हाल सञ्चालनमा रहेका फोरजी नेटवर्कहरुको क्षमता



विस्तार, पावर अपग्रेड तथा भीडभाड बढी हुने क्षेत्रमा अतिरिक्त क्षमता थप्ने काम तीव्र पारिएको बताए ।

यसबाट इन्टरनेट गति वृद्धि तथा सेवा अवरोध न्यूनीकरण हुने अपेक्षा गरिएको उनको भनाइ छ । उनले पहिले देशभर फोरजी सेवा प्रभावकारीरुपमा विस्तार गरिने र त्यसपछि क्रमश: फाइभजी सेवातर्फ अघि बढ्ने स्पष्ट पारे । बैठकमा सञ्चारमन्त्री तिमिल्सिनाले लामो समयदेखि प्रभावकारीरुपमा उपयोग हुन नसकेको ग्रामीण दूरसञ्चार विकास कोषको रकम अब वास्तविक उद्धेश्यमा खर्च गरिने स्पष्ट पारे । इन्टरनेट सेवा नपुगेका बस्तीहरुमा आगामी एक वर्षभित्र पहुँच विस्तार गर्ने स्पष्ट कार्ययोजना सरकारले अघि बढाएको उनले बताए । तत्काल, मध्यम तथा दीर्घकालीन गरी तीन तहमा योजना अघि बढाएको सञ्चार मन्त्रालयले जनाएको छ । जसअन्तर्गत् आगामी तीनदेखि छ महिनाभित्र नयाँ फोरजी साइट थप्ने, फोरजीमात्र भएका क्षेत्रमा टुजी तथा टुजीमात्र भएका क्षेत्रमा फोरजी सेवा विस्तार गर्ने योजना रहेको मन्त्रालयको भनाइ छ ।

आगामी एक वर्षभित्र पूर्वी तराईका १३ जिल्लामा नयाँ फोरजी परियोजना कार्यान्वयन गरी त्यहाँ उपलब्ध स्रोतसाधनलाई देशका अन्य दुर्गम तथा आवश्यकता भएका क्षेत्रमा पुन: परिचालन गरिने जनाइएको छ । दीर्घकालीनरुपमा वडा तहसम्म फोरजी सेवा पुर्‍याउने तथा राष्ट्रव्यापीरुपमा चरणबद्ध फाइभजी सेवा विस्तार गर्ने सरकारको योजना छ । सरकारले ब्रोडब्यान्ड एक्सेस नेटवर्क परियोजनाअन्तर्गत् काठमाडौं उपत्यकाबाहेक जिल्लाका स्थानीय तहका कार्यालय, वडा कार्यालय, सामुदायिक विद्यालय तथा स्वास्थ्य केन्द्रमा इन्टरनेट पूर्वाधार निर्माण गर्ने कार्यक्रम सञ्चालन गरिरहेकोमा त्यसलाई थप प्रभावकारी बनाइने पनि मन्त्रालयले जनाएको छ ।

सञ्चारमन्त्री तिमिल्सिनाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सूचनाप्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरिएको उल्लेख गर्दै नेपाललाई टेक हब बनाउने अवधारणा अघि सारिएको बताए । नीति तथा कार्यक्रममा सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ तथा एआई कम्प्युटेसन निर्यातलाई प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ । डिजिटल पार्क, उच्च क्षमताका डाटा सेन्टर तथा सार्वजनिक डिजिटल पूर्वाधार विकासमार्फत् नेपाललाई क्षेत्रीय प्रविधि केन्द्रका रुपमा अघि बढाउने नीति सरकारको छ । सूचनाप्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजीकरण, सरकारी सहलगानी तथा अनुसन्धान एवम् नवप्रवर्तनका क्षेत्रमा थप लगानी गर्ने पनि सरकारको प्राथमिकतामा छ ।

बैठकमा सञ्चारमन्त्री तिमिल्सिनाले ओभर द टप (ओटीटी) सेवाहरुलाई कानुनी दायरामा ल्याउन सरकारले तयारी गरिरहेको जानकारी पनि दिए । उनका अनुसार ओटीटीसम्बन्धि नियमावली निर्माण प्रक्रियामा छ । सूचनाप्रविधि क्षेत्रको विकासमा गैरआवासीय नेपाली तथा डायस्पोराको लगानी आकर्षित गर्न सरकारले सहजीकरण गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । दूरसञ्चार क्षेत्रमा विगतमा भएका आर्थिक हिनामिना तथा अनियमितताबारे सरकारले अध्ययन गरिरहेको जानकारी दिँदै मन्त्री तिमिल्सिनाले आर्थिक अपचलन तथा अख्तियार दुरुपयोग गर्नेहरुप्रति सरकारले शून्य सहनशीलताको नीति अवलम्बन गरेको बताए । दूरसञ्चार क्षेत्रमा विगतदेखि जकडिएका समस्या पहिचान भइसकेको र समाधानका लागि निरन्तर काम भइरहेको उनको भनाइ थियो ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबारे धारणा राख्दै मन्त्री तिमिल्सिनाले सरकारको अभिव्यक्ति स्वतन्त्रता संकुचित गर्ने कुनै मनसाय नरहेको स्पष्ट पारे । तर, अभिव्यक्ति स्वतन्त्रताको दायरा स्पष्ट हुनुपर्ने र प्रेस स्वतन्त्रताको प्रयोग गर्दा व्यक्तिगत् गोपनीयताको अधिकार हनन् नहुनेतर्फ सचेत हुन आवश्यक रहेको उनले बताए । मिडिया काउन्सिल विधेयकमार्फत् पत्रकारिता क्षेत्रका विद्यमान समस्या सम्बोधन गर्ने प्रयास भइरहेको उनको भनाइ थियो । जिम्मेवार पत्रकारिता प्रवर्द्धन गर्न तालिम, फेलोसिप तथा क्षमता विकास कार्यक्रम आगामी आर्थिक वर्षदेखि सञ्चालन गरिने उनले जानकारी दिए ।

बैठकमा मन्त्री तिमिल्सिनाले हुलाक सेवाको आधुनिकीकरणतर्फ पनि सुधारका काम सुरु भइसकेको जानकारी दिए । स्मार्ट हुलाक कार्यालय स्थापना, सरकारी कुरियर सेवा तथा पार्सल सेवा विस्तार, डिजिटल हुलाक प्रणाली विकासलगायत कार्यक्रम अघि बढाइएको उनले बताए ।

हुलाकलाई सरकारी सेवा घरघरमा पुर्‍याउने माध्यमका रुपमा पुनर्स्थापित गर्ने सरकारको लक्ष्य रहेको उनको भनाइ थियो ।

नेपाल टेलिकमका सेवा विस्तार, अप्टिकल फाइबर विस्तार, फ्रिक्वेन्सी व्यवस्थापन, सार्वजनिक वाईफाई, फाइभजी पूर्वाधार निर्माण तथा सार्वजनिक सेवा प्रसारण सुदृढीकरणका कार्यक्रम पनि अघि बढाइएको सञ्चारमन्त्री तिमिल्सिनाले बताए ।

## कर्मचारीले मागे चौध महिनाको तलब




उदयपुर/दक्षिण एसियाकै सबभन्दा ठूलो सिमेन्ट उद्योगका रुपमा रहेको उदयपुर सिमेन्ट उद्योगका मजदुरहरुले १४ महिनादेखि तलब नपाएको भन्दै तलबभत्ता माग राख्दै शुक्रबार उद्योगको गेटमा पत्रकार सम्मेलन गरेका छन् ।

२०४४ सालमा स्थापना भएर २०४९ सालदेखि गैंडाछाप सिमेन्ट उत्पादन गर्दै आएको उदयपुर सिमेन्ट उद्योगले सिमेन्ट उत्पादनका लागि आवश्यक पर्ने कोइला खरिद गर्न नसक्दा उत्पादन बन्द अवस्थामा छ । यहाँ कार्यरत करिब २ सय ५० मजदुरहरुले २०८१ फागुन महिनादेखि तलब खान नपाएको, अवकासप्राप्त १ सय ४० जनाले अवकासपछि नियमानुसार पाउने सेवासुबिधा, बिमा, स्वास्थ्य उपचार, नागरिक लगानी कोषको रकम पाएका छैनन् ।

शुक्रबार उद्योगको मुलगेटमा आयोजित पत्रकार सम्मेलनमा मजदुरहरुले सरकार र उद्योगको व्यवस्थापनसँग रोकिएको तलबभत्ता समयमा उपलब्ध गराउन माग गरेका छन् । उद्योगका मजदुर संघर्ष समिति संयोजक देवनारायण झाले १४ महिनादेखि तलब खान नपाएको, ३५ महिनाको नागरिक लगानी कोष, ४५ महिनाको सञ्चयकोषको रकम खातामा जम्मा नभएकाले बाध्य भएर आन्दोलनमा उत्रनुपरेको बताए ।

पत्रकारहरुलाई वितरण गरिएको प्रेसनोटमा ३ वर्षको बीमाबापत् रकम उपलब्ध नगराएको, २०७८ सालदेखि अवकास पाएका १ सय ३९ जना कर्मचारीको सेवासुबिधाबापत् रकम उपलब्ध नगराएको, आर्थिक अभावका कारण उपचार नपाइ ८ जना अवकासप्राप्त कर्मचारीको देहावसान भएको उल्लेख गरिएको छ । उद्योगमा कार्यरत् मजदुरहरुले तलब नपाउँदा दैनिक जीवनयापनमा समस्या भएको, सुरक्षा गार्ड तथा दैनिक ज्यालादारीमा कार्यरत् मजदुरहरुले समेत नियमानुसार पाउनुपर्ने रकम नपाएको जनाउँदै यस विषयमा मन्त्रालयमा गएर पटकपटक ध्यानाकर्षण गराउँदा पनि हालसम्म सुनुवाइ नभएको जारी प्रेस नोटमा उल्लेख छ ।

# निर्माण व्यवसायीले मागे मासिक भुक्तानी



काठमाडौं/नेपाल निर्माण व्यवसायी महासंघले निर्माण व्यवसायीलाई मासिकरुपमा भुक्तानी गर्ने प्रणाली स्थापना गर्न सरकारलाई सुझाव दिएको छ । यस्तो प्रणाली स्थापित भए आयोजनाको प्रगति ट्र्याकिङ सहज हुने, वित्तीय प्रगतिअनुसार भौतिक काम र भौतिक कामअनुसार वित्तीय भुक्तानीबारे प्रष्टता आउने महासंघको बुझाइ छ ।

महासंघ महासचिव शिवहरि घिमिरेले भने–प्रगतिअनुसार व्यवसायीले काम गरे/नगरेको तुरुन्त थाहा हुन्छ र सरकारलाई एक्सन लिन सजिलो हुनेछ । मासिक भुक्तानीले दैनिक ज्यालामा काम गर्ने श्रमिक सबभन्दा धेरै लाभान्वित हुने महासंघले जनाएको छ । किनकि, कतिपय पूर्वाधार आयोजनामा काम गर्ने श्रमिकले आज काम गरेर आजै ज्याला पाउँदा परिवार चलाउन सहज बनाउँछ । नेपालमा अभ्यास नभए पनि विदेशमा ७ देखि १५ दिनमा भुक्तानी हुने व्यवस्था छ ।

सरकार नयाँढंगले अघि बढ्न खोजेको र कर्मचारीको तलब पनि १५–१५ दिनमा दिने विषय अघि बढेकाले निर्माण कार्यको भुक्तानीमा पनि नयाँ सुरुवातको अपेक्षा गरेको अधिकारीहरुको भनाइ छ । निर्माण व्यवसायीहरुका अनुसार साउन र भदौ दुई महिना सडक र पुलहरुको काम हुँदैन । तर, त्यसबाहेक अरु काम निरन्तर हुन्छ र यसकारण पनि मासिकरुपमा भुक्तानी गर्न सक्ने व्यवस्था गरियो भने सहज हुने महासचिव घिमिरेको भनाइ छ ।

निर्माण व्यवसायीको लामो समयदेखिको भुक्तानी रोकिँदा मुलुकको समग्र अर्थतन्त्रमा नै प्रतिकूल अवस्था सिर्जना भएको महासंघको दाबी छ । बजारमा नगदप्रवाह बढाइ अर्थतन्त्रलाई चलायमान बनाउन पनि मासिक भुक्तानी प्रणाली प्रभावकारी हुने व्यवसायीहरुको बुझाइ छ । भुक्तानी गर्नका लागि म्यानुअल भन्दा पनि डिजिटल र आईटीको प्रयोगलाई प्रभावकारीरुपमा वृद्धि गर्नुपर्ने तथा महिना सकिँदा मसान्ततिर गरि सकिएको बिल पठाउने र त्यही महिना भुक्तानी हुने व्यवस्था मिलाउन सकिने सम्भावना हुनसक्छ । ‘यसको व्यवस्थापन गर्न धेरै समय लाग्दैन । यो त्यस्तो अप्ठ्यारो विषय होइन,’ महासचिव घिमिरेले भने । आईटीको प्रयोग गर्ने हो भने यो एकैछिनको काम भएको उनको भनाइ छ ।

अर्थ मन्त्रालयबाट निकासा नभएकोबाहेक आयोजना कार्यालयसँग भएको रकम कामको प्रगतिअनुसार आयोजनाले नै सीधै भुक्तानी गर्न सक्छ । मासिक भुक्तानी प्रणालीले सप्लाइ चेन र मूल्यशृंखलालाई सहज बनाउनुका साथै राज्यलाई राजस्व पनि छिटो जम्मा हुने निर्माण व्यवसायीहरुको भनाइ छ । मासिक भुक्तानी गर्दा कुनै महिना तोकिएको भन्दा बढी काम भएको अवस्थामा अर्को महिनामा समायोजन गर्न सकिनेछ । ‘अर्कोतर्फ, तोकिएको वा लक्षित गरिएको भन्दा कम काम भएमा राज्यले व्यवसायीलाई किन प्रगति भएन भनेर प्रश्न गर्न सक्नेछ,’ महासचिव घिमिरेले भने ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पूर्वसहसचिव अनन्त आचार्यले खरिद कानुनअनुसार सरकारी पक्ष र निर्माण व्यवसायीले काम गर्न सक्दा मासिक भुक्तानी सम्भव रहेको बताए । ‘निर्माण व्यवसायीहरुले विदेशतिर मासिक भुक्तानी गर्ने विषय उठाएको भए पनि दुई पक्षबीच हुने सार्वजनिक खरिद सम्झौतामा मासिक कार्यप्रगति प्रस्तुत गर्ने र भुक्तानी गर्ने व्यवस्था छ,’ उनले भने । सम्झौता (कन्ट्र्याक्ट डकुमेन्ट) मै मासिक भुक्तानीको व्यवस्था भए पनि अभ्यास नभएको उनको भनाइ छ । सम्झौतामा ठेक्का सर्तका रुपमा यसलाई राखिएको हुन्छ । ‘यद्यपि, विदेशतिर मात्र नभइ नेपालमा पनि केही आयोजनामा यस्तो अभ्यास हुने गरेको छ,’ पूर्वसहसचिव आचार्यले भने ।

कतिपय अवस्थमा भुक्तानीमा समस्या नभए पनि निर्माण व्यवसायीले बिल पेस नगर्दा समस्या हुने गरेको उनको अनुभव छ । ‘मासिक भुक्तानी प्रणाली कार्यान्वयन गर्ने हो भने निर्माण व्यवसायीले मासिकरुपमा कार्यतालिका र योजना बनाउनुपर्‍यो । यो महिनामा यति काम गर्छु भनेर बिल पेस गर्नुपर्‍यो,’ उनले भने । बिल बन्नेबित्तिकै आयोजना कार्यालयले महिना हैन, १५ दिनमा पनि भुक्तानी सम्भव रहेको पूर्वसहसचिव आचार्यको भनाइ छ । विदेशी परामर्शदाता भएका ठाउँमा भने केही ढिलो हुने सम्भावना रहन्छ । कतिपय बेलामा निर्माण व्यवसायीले नै बिल पेस नगर्ने गरेको अनुभवीहरुको भनाइ छ । विशेषगरि दातृ निकायको सहायतामा निर्माण भइरहेका आयोजनामा डलरको भाउ बढ्दै जाने हुनाले सटही दरबाट मार्जिन सेभ निर्माण व्यवसायीले बिल ढिलो पेस गरेको पाइन्छ ।

कुनै आयोजनाको काम गरेको बिल भुक्तानीमा कतिपय अवस्थमा सरकारी पक्षको कारणसमेत ढिलो हुने गरेको छ । पेमेन्ट गर्न टाइम लगाइदिने, बिल पेस गरेको २/३ महिना ढिला गर्ने जस्ता कमजोरी छन् । तर, मासिकरुपमा भुक्तानीको व्यवस्था गर्न सकियो भने एकातिर आर्थिक गतिविधि बढाउने र अर्कोतिर आयोजनाको राम्रो निगरानी उपकरण (मनिटरिङ टुल) का रुपमा प्रयोग गर्न सकिनेछ ।

यही व्यवस्थालाई देखाएर कार्यप्रगति किन भएन वा कसरी सम्भव भयो भनेर सरकारले नियन्त्रण गर्न सजिलो हुनेछ । केही आयोजनाको हकमा भने अर्थ मन्त्रालयले बजेट ढिला रिलिज गरिदिने वा रोक्का गरिदिने हुनाले पनि भुक्तानीमा समस्या रहेको अधिकारीहरुको भनाइ छ ।

निर्माण व्यवसायीले निर्माण सम्पन्न कामको भुक्तानीमा सरकारले ढिलाइ गरिरहेको लामो समयदेखि आरोप लगाउँदै आएका छन् ।

सम्पन्न भइसकेका विकास आयोजनाको भुक्तानी समयमा नहुँदा व्यवसायीले थप काम गर्नको लागि समस्या हुने गरेको, बैंकको किस्ता बुझाउन नसक्ने र टाट पल्टिने अवस्था आउने गरेको उनीहरुको भनाइ छ । कतिपय भुक्तानी सार्वजनिक निकायले मागेको कमिसन नदिंदा पनि रोकिने गरेको उनीहरुको

## नेपालद्वारा अमेरिका फराकिलो अन्तरले पराजित



काठमाडौं/आईसीसी पुरुष विश्वकप क्रिकेट लिग–२ अन्तर्गत् सम्पन्न खेलमा नेपालले अमेरिकालाई १ सय २२ रनको फराकिलो अन्तरले पराजित गरेको छ । कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सम्पन्न खेलमा ३ सय १८ रनको लक्ष्य पछ्याएको अमेरिका ४१ दशमलव दुई ओभरमा १ सय ९५ रन बनाउँदा अलआउट भयो ।

अमेरिकालाई अलआउट गर्ने क्रममा सन्दीप लामिछानेले तीन विकेट लिए । ललित राजवंशी, दीपेन्द्रसिंह ऐरी र गुल्सन झाले दुई/दुई विकेट लिए भने सोमपाल कामीले एक विकेट हात पारे । अमेरिकाका लागि सञ्जय कृष्णमूर्तिले सर्वाधिक ५६ रन बनाए । नोथुष केञ्जिगेले २९, शयान जहांगिरले २७, शेहान जयसूर्याले २६, कप्तान शैतेजा मुक्कामुल्लाले २२ रनको योगदान दिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा आठ विकेट क्षतिमा ३ सय १७ रनको योगफल बनाएको थियो । नेपालका लागि इशान पाण्डेले सर्वाधिक ८४ रनको योगदान दिए । उनले ८३ बल खेल्ने क्रममा आठ चौका र एक छक्का प्रहार गरे । ऐरीले ५९ रन, कप्तान रोहित पौडेलले ४६, आशिफ शेखले ४३ कुशल भुर्तेलले २९ रन, आरिफ शेखले १८ रन र गुल्सन झाले १५ रन जोडे ।

अमेरिकाका लागि शुभम् रञ्जाने तीन विकेट लिए भने मिलिन्द कुमार र रुसिल उगारकरले समान एक/एक विकेट लिए । जितसँगै नेपालले अंक तालिकामा २८ खेलपछि ११ जित, १५ हार र दुई वटा अनिर्णितसहित २४ अंक जोडेको छ ।

# बाँदर नियन्त्रण प्रविधि बनाउनु रकेट उडाउनुभन्दा गाह्रो

काठमाडौं/राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक महावीर पुनले नेपालमा बाँदर नियन्त्रणको प्रविधि बनाउनु रकेट उडाउनुभन्दा पनि गाह्रो भएको बताएका छन् । शिक्षा समितिको बैठकपछि सञ्चार कर्मीहरुसँग पुनले बाँदर ज्यादै चलाख प्राणी भएकाले यसलाई धपाउने स्थायी प्रविधि विकास गर्न निकै कठिन रहेको र यसका लागि ठूलो अनुसन्धान आवश्यक रहेको औंल्याएका हुन् ।

आविष्कार केन्द्रले बाँदर धपाउने मेसिन (बन्दुक) बनाएर विभिन्न जिल्लामा परीक्षण गरे पनि केही समयपछि बाँदरले टेर्न छाडेको उनले बताए । ‘रकेट बनाउनु सजिलो छ । किनभने, यसको प्रविधि संसारमा उपलब्ध छ । तर, बाँदर धपाउने प्रविधि छैन । विकसित देशमा बाँदरले दु:ख दिएको छैन । त्यसैले उनीहरुले



यसमा प्रविधि विकास गरेनन् । हाम्रो देशमा हामी आफैंले अनुसन्धान गर्नुपर्छ । बाँदर नियन्त्रणाको अनुसन्धानका लागि देशका पालिकाहरुलाई वार्षिक एक लाखमात्र छुट्याउन आग्रह गर्दा कसैले नमानेकोमा उनले गुनासो गरे ।

‘५ सय पालिकाले एक/एक लाख दिएको भए ५ करोड हुन्थ्यो, मज्जाले अध्ययन गर्न सकिन्थ्यो । तर, एक लाख खर्च गर्न नसक्ने पालिकाका अध्यक्षहरु सिंहदरबारमा आएर बाँदरले दु:ख दियो भनेर संसद् थर्काउँछन्,’ उनले आक्रोश पोखे । आविष्कार केन्द्रले आफ्नै स्रोतबाट ५०/६० लाख खर्च गरेर अनुसन्धान गरे पनि थप स्रोत नहुँदा काम रोक्नुपरेको उनले स्पष्ट पारे । सार्वजनिक यातायातको कालो नम्बर प्लेट वितरणमा ठूलो सिन्डिकेट र भ्रष्टाचार भइरहेको पनि उनले बताए । एउटा ट्याक्सीको नम्बर प्लेट लिन १५ लाखसम्म घुस खुवाउनुपर्ने अवस्था रहेको भन्दै उनले यस्तो दलालीमा संलग्नहरुको ‘बंगारा झार्नुपर्ने’ टिप्पणी गरे ।

‘पुरानो पार्टीका नेता र मन्त्रालयका कर्मचारीहरु दलालको पछि लागेर १५ लाखसम्म खाइरहेका छन् । यो अरबौंको चलखेल हो,’ उनले भने । आफूले यस विषय उठाएको र सरकारले कालो प्लेट दर्ता बन्द गरेको सूचना निकालेको भन्दै उनले यसमा गम्भीर छानबिन हुनुपर्ने माग गरे । आफूले आत्मकथा किताब बेचेर कमाएको १२/१३ करोडले वीरगञ्ज कृषि औजार कारखाना चलाइरहेको भन्दै पुनले यसबाट जलेर कुरा काट्नेहरुलाई ‘महाफटाहा’ भने । ‘मैले चोखो कमाएर कारखाना चलाइरहेको छु, त्यो देखेर भित्रभित्रै जलेर मलाई उडाउनेहरु ठहरै परुन्,’ आक्रोशित हुँदै उनले भने । पुनले आफूलाई राजनीतिमा कुनै चासो नरहेको स्पष्ट पार्दै केवल समाज सुधार, देश विकास र प्रविधिका विषयमा मात्र आफ्नो ध्यान केन्द्रित रहेको बताए ।


## माइग्रेसन हराएको सूचना

यही २०८३ साल बैशाख १५ गते हेटौंडा बजारबाट घर जानेक्रममा माइग्रेसन हरायो मेरो निम्न व्यवहोरा भएको Diploma Examination पास गरेको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल दिइएको सम्पर्क नम्बरमा जानकारी गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नाम** : मनुजा कुमारी थीङ्ग (तामाङ)
**ठेगाना** : बकैया–५, मकवानपुर
**रजिष्ट्रेशन नं.** : DAG—00064016
**सिम्बोल नं.** : 06102642
**सम्पर्क नम्बर** : ९८४५०२८७६०.९७०८९२२४५










## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।

**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# धाराबाटै सीधै पिउन मिल्ने खानेपानी वितरणको आवश्यकता

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले आफ्नो १३ औं वार्षिकोत्सव मनाएको छ । वार्षिकोत्सव कार्यक्रम उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिका मेयर मीनाकुमारी लामाले हेटौंडामा खानेपानी व्यवस्थापनको क्षेत्रमा बोर्डले महत्वपूर्ण काम गरेको बताइन् ।

उनले हेटौंडामा खानेपानीको क्षेत्रमा अझै करोडौं बराबरका पूर्वाधार निर्माणको चरणमा रहेको उल्लेख गर्दै हाल भइरहेको पानी उत्पादन क्षेत्रलाई थप विस्तार गर्नुपर्नेमा जोड दिइन् । मेयर लामाले उपभोक्तालाई धाराबाटै सीधै पिउन मिल्ने स्वच्छ खानेपानी वितरण गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

कार्यक्रममा बोर्ड अध्यक्ष प्रताप बिष्टले बोर्डले पानी उत्पादन तथा वितरणको काम प्रभावकारी रुपमा सञ्चालन गरिरहेको बताए । कार्यक्रममा हेटौंडा-२ का वडा अध्यक्ष विष्णुगोपाल महर्जन, नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति उपाध्यक्ष हरि हुमागाई, बोर्ड सदस्य डा. कृष्ण धिताल तथा हेटौंडा उपमहानगरपालिका वातावरण सुधार समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए । बोर्डका निमित्त कार्यकारी निर्देशक विष्णुप्रसाद सापकोटाले बोर्डले हालसम्म गरेका कामको प्रगति विवरण प्रस्तुत गरेका थिए ।

वार्षिकोत्सवका अवसरमा बोर्डले अनुशासन, कार्यसम्पादन मूल्यांकन, कामप्रतिको लगनशीलतालगायत आधारमा उत्कृष्ट कर्मचारीहरुलाई प्रशंसापत्र तथा नगदसहित पुरस्कृत गरेको छ । सम्मानित हुने कर्मचारीहरुमा नमूना पण्डित, अजय थिङ, दीपेन्द्र महत, पुष्पा पौडेलपाण्डे, समि श्रेष्ठ, गोबिन्द बहादुर थपलिया, डिलबहादुर योञ्जन तथा तिलकबहादुर श्रेष्ठ छन् ।

*जनतामाविमा विज्ञान प्रदर्शनी*

# विद्यार्थीको प्रयोगात्मक क्षमता उजागर



सन्देश संवाददाता

हेटौंडा/बागमती-बागमती गाउँपालिका-८, फापरबारी स्थित जनता माध्यमिक विद्यालयमा विज्ञान प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमले विद्यार्थीहरूको प्रयोगात्मक ज्ञान, सीप र सिर्जनशीलता उजागर गरेको विद्यालयले जनाएको छ ।

प्रदर्शनीको अवलोकन गाउँपालिकाका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेर बहादुर रानालगायतले गरेका थिए। अवलोकनका क्रममा उनीहरूले विद्यार्थीहरूले तयार पारेका विभिन्न वैज्ञानिक सामग्री तथा परियोजनाहरूको अवलोकन गर्दै प्रशंसा गरेका थिए ।

कार्यक्रममा विज्ञान तथा प्रविधिसँग सम्बन्धित विविध सामग्रीहरूको प्रदर्शन गरिएको थियो। विद्यार्थीहरूले आफ्ना परियोजना मार्फत् विभिन्न वैज्ञानिक सिद्धान्त र तिनको व्यवहारिक प्रयोगबारे जानकारी दिएका थिए । प्रदर्शनीमा बागमती गाउँपालिका तथा बकैया गाउँपालिकास्थित बुद्ध माध्यमिक विद्यालयका विद्यार्थीहरूको समेत सहभागिता रहेको थियो ।

विद्यालयका विज्ञान शिक्षक दिवश सुवेदी र निराश गौतमको समन्वयमा आयोजना गरिएको उक्त कार्यक्रमले विद्यार्थीहरूमा व्यवहारिक सिकाइप्रति रुचि बढाउनुका साथै नवप्रवर्तन क्षमताको विकासमा टेवा पुऱ्याउने विश्वास गरिएको छ । पछिल्लो समय विद्यालयले व्यवस्थापन सुधार, विद्यार्थी अनुशासन र शैक्षिक गुणस्तर अभिवृद्धिमा उल्लेखनीय प्रगति हासिल गर्दै आएको छ । यसै वर्ष विद्यालयकी छात्रा युमी सिन्तानले ३.८८ जिपिएसहित ए+ प्राप्त गरी विद्यालयको प्रतिष्ठा थप उचो बनाएकी छिन् ।

विद्यालयको यस उपलब्धिको श्रेय विद्यालय प्रशासन, व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक बीचको प्रभावकारी समन्वयलाई जाने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रानाले बताए। यसै शैक्षिक वर्षदेखि विद्यालयसँगै बागमती फुटबल एकेडेमी सञ्चालनमा आएको छ, जसले विद्यार्थीहरूलाई अध्ययन सँगै खेलकुद क्षेत्रमा पनि प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ ।

यसैबिच बागमती गाउँपालिकाले शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार तथा खेलकुद क्षेत्रलाई समान प्राथमिकताका साथ अघि बढाउँदै यस क्षेत्रको बिकासका लागि बिभिन्न कामहरु हुदै आएको अध्यक्ष घलालले कार्यक्रममा जानकारी गराए ।

# कैलाशमा अभिभावक शिक्षा कार्यक्रम सुरु



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको विकट कैलाश गाउँपालिकाले अभिभावकलाई लक्षित गरी बृहत अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमको सुरुवात गरेको छ । विहीबारबाट सुरु भएको कार्यक्रम शनिबार सकिने जनाइएको छ ।

कैलाश-२ मा अवस्थित कमलादेवी माविमा वडा २ का वडाध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक राजेन्द्र घिसिङको अध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रमको सुरुवात गरिएको हो । कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष मुक्तानले गाउँपालिकाले अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई नीति तथा कार्यक्रममा राखेर यसवर्षदेखि कार्यक्रम सञ्चालन गरिएको बताए। बालबालिकाको निगरानी अभिभावकको हो, शिक्षा नीति अनुरुप अभिभावकलाई शिक्षा दिनु आवश्यक रहन्छ, मुक्तानले भने । बालबालिकाको सोच परिवर्तन गरि शिक्षा प्रदान गरिनुका साथै अभिभावकको सुझावअनुसार स्थानीय सरकारले आवश्यक नीति निर्माण गरिने बताए ।

सामाजिक सञ्जालले विद्यार्थीहरु मात्र नभई अभिभावकमा पनि ठुलो असर पर्दै गइरहेको अध्यक्ष मुक्तानले औंल्याए। सञ्जालले सकारात्मक भन्दा नकारात्मक विषयवस्तु बढि पाइने भएकाले पठनपाठनमा समेत असर पुगेको देखिन्छ । कैलाशमा शिक्षामा सुधार भइरहेको छ, सिक्ने र सिकाउने कार्य निरन्तर रहिरहने भएकाले विद्यालयमा मात्र नभई आफ्ना बच्चाहरुलाई घरमा पनि अभिभावकहरुले पठनपाठनमा ध्यान दिनुपर्ने अध्यक्ष मोक्तानले सुझाए ।

कार्यक्रममा पालिकाका उपाध्यक्ष बालकुमार मल्लले विद्यार्थीलाई शिक्षित बनाउन अभिभावकको ठुलो भूमिका रहने बताए। प्रविधिसँग जोडिनु राम्रो हो तर अहिले मोवाईल प्रयोगले पठनपाठनमा समस्या उत्पन्न भइरहेको उनले बताए । सामाजिक सञ्जालले विद्यार्थीको पढाईमा असर पुगेको छ, त्यसमा अभिभावकले ध्यान दिनु जरुरी रहेको उपाध्यक्ष मल्लले बताए । विद्यालयमा मात्र होइन बालबालिकाले घरमा पनि कसरी पठनपाठनमा सहयोग पुऱ्याउने हो त्यसतर्फ ध्यान दिनुपर्छ, उनले भने। बालबालिकाको पहिलो पाठशाला घर हो र शिक्षकमा अभिभावक हुन्, । विद्यार्थीको पढाइको रुपरेखा कता जाने कुरा शिक्षकसँगै अभिभावकहरुको पनि ठुलो भूमिका रहने उनले बताए । कार्यक्रममा वडाध्यक्ष राजेन्द्र घिसिङले बालबालिकाको पढाईमा शिक्षक र अभिभावक दुबैको दायित्व रहने बताए । अभिभावकले घरमा संस्कार सिकाउनुपऱ्यो र शिक्षकले विद्यालयमा शिक्षा दिनुपऱ्यो, यी दुबै भएपछि मात्रै असल र सफल विद्यार्थी बन्ने बताए । सामूदायिक विद्यालयमा पढाएर पनि विद्यार्थीको भविष्य राम्रो रहने बताउँदै पछिल्लो समय सामाजिक सञ्जालको प्रयोगले विद्यार्थी र अभिभावकको दुरी लम्बिएको बताए । माध्यामिक शिक्षाको जग प्राथमिक शिक्षा हो, हामीले प्राथमिक शिक्षालाई प्राथमिकतामा राखेर पठनपाठन गरिनुपर्ने बताए ।

कार्यक्रममा मुख्य प्रशिक्षक अभिषेक घिमिरेले अभिभावक शिक्षा र सचेतनासम्बसन्ध कार्यपत्र प्रस्तुत गरेका थिए । विहीबार कमलादेवी मावि र वडा ६ मा रहेको व्यास माविको सभाहलमा कार्यक्रम सञ्चालन गरिएको शिक्षा शाखा प्रमुख समीर जोशीले बताए। तीन दिनसम्म सञ्चालन हुने कार्यक्रममा बालबालिकासम्बन्धि जनचेतनामूलक गतिविधि, अभिभावक शिक्षा, सामाजिक सचेतना तथा सरोकारवालाबीच अन्तरक्रियाले बालबालिकाको शारीरिक तथा मानसिक विकासमा सहयोग पुग्ने जोशीले बताए ।

विद्यार्थीको व्यवहार सुधार, सिकाइ क्षमता वृद्धि, घर–विद्यालय सम्न्वय सुदृढीकरण तथा समूदायमा सकारात्मक परिवर्तन ल्याउनुनै कार्यक्रमको मुख्य उद्देश्य रहेको जोशीले बताए। कार्यक्रममा शिक्षा शाखा प्रमुख समीर जोशी, मुख्य प्रशिक्षक अभिषेक घिमिरे, विब्यस अध्यक्ष चन्द्र सारुमगर, विद्यालयका प्रअ रामएकवाल यादव, स्रोत शिक्षक ध्रुवराज विष्टलगायतको आतिथ्यता रहेको थियो ।

# कैलाशमा औषध विरुद्धको अभियान

सन्देश संवाददाता

हेटौंडा/जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्र, हेटौडा-९, मकवानपुरको व्यवस्थापनमा सञ्चालन भइरहेको लागू औषध दुर्व्यसन विरुद्धको ३ महिने अभियान अन्तर्गत कैलाश गाउँपालिकामा विविध सचेतनामूलक तथा समन्वयात्मक कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएका छन् ।

अभियानले समुदाय, विद्यालय तथा स्थानीय सरकारबीच सहकार्य विस्तार गर्दै लागू औषध विरुद्ध सशक्त सामाजिक अभियानको रूप लिएको छ। अभियानअन्तर्गत पालिकास्तरीय समन्वय बैठक गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यता तथा प्रमुख प्रशासकीय अधिकृत सीताकुमारी खत्रीको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो ।



कार्यक्रममा महाशाखा प्रमुखहरू, शाखा प्रमुखहरू तथा शाखा प्रतिनिधिहरूको सहभागिता थियो। बैठकमा लागु औषध न्यूनीकरण समिति २०७६, स्थानीय तहको सहकार्यमा पुनर्थापना केन्द्र संचालन कार्यविधि २०७५, स्थानीय पाठ्यक्रम निर्माण, लागू औषध नियन्त्रण, युवामाझ बढ्दो दुर्व्यसनको चुनौती, रोकथामका उपाय तथा स्थानीय तहको समन्वयात्मक भूमिकाबारे गम्भीर छलफल गरिएको थियो । सहभागीहरूले समुदायस्तरबाटै सचेतना अभिवृद्धि गर्दै सुरक्षित र स्वस्थ समाज निर्माणमा साझा प्रतिबद्धता व्यक्त गरेका थिए ।

यसैगरी, कैलाश गाउँपालिका वडा नं. ३ स्थित श्री भवानी माध्यमिक विद्यालयमा सचेतना कार्यक्रम सम्पन्न गरिएको छ। वडा नं. ३ का वडा अध्यक्ष श्री देवलाल बलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कक्षा ८ र ९ का विद्यार्थीको सहभागिता रहेको थियो। कार्यक्रममा लागू औषध तथा दुर्व्यसनका नकारात्मक असर, मानसिक स्वास्थ्य, सही संगतको महत्व र उज्ज्वल भविष्य निर्माणका विषयमा प्रेरणादायी प्रशिक्षण तथा अन्तरक्रिया गरिएको थियो । कार्यक्रमले विद्यार्थीमा आत्मविश्वास र सकारात्मक सोच विकास गर्न महत्वपूर्ण भूमिका खेलेको सहभागी शिक्षकहरूले बताए ।

अभियान ´त विद्यालय क्षेत्र तथा वडा कार्यालय बाहिर "धुम्रपान निषेध क्षेत्र" सम्बन्धि बोर्डहरू स्थापना गरिएको छ। यस कदमले सार्वजनिक स्थलहरूलाई धुम्रपान मुक्त बनाउने तथा युवा पुस्तामा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ। साथै गाउँपालिकाका विभिन्न मुख्य सार्वजनिक स्थलहरूमा सन्देशमूलक पर्चा वितरण गरी समुदायस्तरमा व्यापक जनचेतना फैलाउने कार्यसमेत गरिएको छ।

अभियानले "लागू औषधमुक्त समाज, सुरक्षित भविष्य" भन्ने सन्देशलाई केन्द्रमा राख्दै युवालाई कुलतबाट जोगाउने, समुदायलाई जिम्मेवार बनाउने र सामाजिक एकता मजबुत बनाउने ।

लक्ष्य लिएको आयोजकले जनाएको छ । स्थानीय सरकार, विद्यालय र समुदायबीचको सहकार्यले मात्रै लागू औषध दुर्व्यसन विरुद्धको लडाइँ प्रभावकारी बन्न सक्ने सन्देश–सहित अभियानलाई मकवानपुरभर सकारात्मकरूपमा हेरिएको छ।

## महासंघ वरिष्ठ उपाध्यक्षमा वैद्य

सन्देश संवाददाता

**काठमाडौं/नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्षको चुनावको अन्तिम नतिजा सार्वजनिक भएको छ। नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को वरिष्ठ उपाध्यक्षमा सुरकृष्ण वैद्य र कोषाध्यक्षमा मनिषलाल प्रधान निर्वाचित भएका हुन् । वरिष्ठ उपाध्यक्षमा रामचन्द्र संघईलाई पराजित गर्दै वैद्य निर्वाचित भएका छन् भने कोषाध्यक्षमा अम्बिका पौडेललाई हराउँदै प्रधान विजयी भएका हुन् ।**

# नेताहरूको राजकीय सानले अर्थतन्त्र संकुचित बन्दै

सन्देश संवाददाता

**काठमाडौं/गत वर्ष भाद्र २३ र २४ को विध्वंसकारी घटनापश्चात् देशले भोग्नुपरेको संकट नसकिँदै राज्यव्यवस्थाले अकल्पनीय स्थितिको सम्मुखमा रहेको र कयौं युवाले भाद्र २३ मै शहादत प्राप्त गरेको स्थितिले प्रत्येक नेपालीको मन कुँडिएकोले विरक्त लाग्नु स्वभाविक हो । समय कठोर अवश्य हुन्छ, तर त्यो कठोरता समयान्तरपछि मनसुनको बादल आकाशमा हराउंछ अनि नवप्रवर्तन हुन्छ ।**

**हालको सरकार त्यस्तै नवप्रवर्तित अवस्थाको सरकार हो । अमुक सरकारको शासनकाल जरैदेखि उखेलिएको परिदृष्यपश्चात् अनेक बौद्धिक तथा राजनीतिक अभ्यास पार गर्दै विकसित भएको, देशका समस्त नागरिकले चाहेको जस्तो सरकार हो । फागुन २१ गते सम्पन्न चुनावमा आमजनताबाट निर्वाचित झण्डै दुईतिहाइको मत हासिल गरेको सरकार हो । सरकारलाई चुनौती दिनुको अर्थ जनमतको बर्खिलाफ हो । वर्तमान सरकार लोकतन्त्रको उन्नत फसलजस्तै हो । तर, लोकतान्त्रिक बहुदलीय व्यवस्थामा राजनीतिक मौसम सधैं अनुकूल रहन्छ भन्न सकिँदैन । यद्यपि, कहिलेकाहीं घाम लागिरहेको बेला पनि अनायास मौसममा परिवर्तन आएर असिना पर्न बेर लाग्दैन ।**

**यो हाम्रो पिंढीले आफ्नो अनुभवबाट जानेको कुरा हो । यसमा विवाद व्यर्थ छ । हो, अर्थतन्त्र स्थिर छ वा उकालो चढिरहेको छ भने राजनीतिक गतिविधि क्रियाशील, व्यवस्थित, पारदर्शी र दीगो बन्ने दौडमा कस्सिन्छन् । अन्यथा, देशभित्रका राजनीतिमा चाख राख्नेहरुले अखबार पल्टाउँदै सी जिनपिङ र ट्रम्पका कुरा गरेर राजनीतिप्रतिको आफ्नो अम्मले तलतल मेटाउँछन् । भेनेजुएला र इरान, पाकिस्तान र अफगानिस्तानका गफ चुटेर समय बिताउँछन् । अमेरिकी राष्ट्रपति पनि निकै बाठा रहेछन्, चीन भ्रमणमा जानुअघि कहीं पनि ताइवानको सन्दर्भ नउठोस् भनेर आफ्नो संयन्त्रलाई सचेत बनाएर गएका रहेछन् ।**

**दुनियाँ छक्क पऱ्यो, सी र ट्रम्पको आत्मीयताको न्यानोपनाको पारो (मर्करी) बराबर उक्लँदै गरेको देखेर । वैश्विक व्यापार र वाणिज्य अब हर्मुजले प्रभावित नपार्ला कि भन्ने संशय दुर्बल बन्दै जाने आसमा अट्लान्टिक, प्यासिफिक र हिन्द महासागर तथा अरब सागर हुँदै बंगालको खाडीवरपरका सबै संघर्षशील मुलुकहरु जुमु–र्राउँदै आफ्नो अर्थतन्त्रको नौकायन (सेलिङ) सम्हाल्न हतपत गरिरहेको स्पष्ट बुझिन्छ । तर, मध्यपूर्वको शान्ति खलबल्याउने शक्तिहरु विविधरुपमा सक्रिय छन् ।**

**इजरायल र हमासबीचको युद्ध इरान र उसका क्षेत्रीय सहयोगी समूहहरु, हेजबुल्ला, आईएसआईएस, साउदी र इरानबीचको प्रतिद्वन्द्विता, अमेरिका तथा वाह्य शक्तिहरुको सैन्य र राजनीतिक चलखेल, सिरियाको गृहयुद्ध, इराक युद्धलगायत तेल, सीमा, धार्मिक सम्प्रदाय (सुनी–सिया), ती सम्पूर्ण क्षेत्रमा व्याप्त भूराजनीतिक अवस्था आदि सबैको संघर्ष वा द्वन्द्व आर्थिक कारणले नै चर्काउँदै विश्वशान्तिलाई धर्मराउँदो बनाउँदै लगिरहेको स्पष्ट बुझिन्छ । छिमेकी उपमहादेश भारतको हालसम्मको अन्तर्राष्ट्रिय छवि उसको पञ्चशील र असंलग्न वैदेशिक नीतिले गर्दा कहींकतै कलंकित देखिँदैन ।**

**यद्यपि, नेपाल कुनै गम्भीर प्रकृतिको राजनीतिक खिचातानीबाट पृथक् रहेका कारण ठूला उद्योग र उत्पादकत्वको कमी, विगतमा बहुचर्चित भ्रष्टाचार र कुशासनका कारण, नेताहरुको राजकीय सानसौकतका कारण, कर्मचारीतन्त्रमा नेताहरुबाट सल्केको अनुशासनहीनता र छाडापनका कारण हाम्रो अर्थतन्त्र संकुचित बन्दै गयो ।**

**जलस्रोत र स्थानीय उत्पादनले मात्र जनजीवनलाई पुष्ट बनाइराख्न राज्य व्यवस्थालाई कठिनाइ परिरहेको जनसमक्ष प्रष्ट छ । तापनि, प्रशासनिक, आर्थिक र सामाजिक सुधारका प्रयासले बालेन सरकारलाई उत्साहित तुल्याएको अनुभूत गरिरहेको छ । केही समय नागरिकले ऐक्यबद्ध भइ सरकारका कार्यक्रमहरुलाई निर्धक्कसँग लागु गर्नसक्ने वातावरण बनाउन सहयोग गरे वा अन्य कुनै प्रकारको अप्रत्याशित आपद्–विपद् र प्राकृतिक प्रकोपको सामना गर्न नपरेमा देश दक्षिण एसियाकै एउटा नमुना देश बन्नसक्ने क्षमता आर्जन गर्नेतर्फ उन्मुख भइरहेको देखिन्छ ।**

**सरकारको कार्यशैलीलाई नियाल्दा नेपाल छिट्टै ग्रेलिस्टको सूचीबाट मुक्त हुने प्रबल सम्भावना छ । त्यही पनि अर्थतन्त्रमा सुधारका प्रष्ट संकेतहरु क्षीण नै छन् । प्रम बालेनले सत्ता सम्हाल्नुअघि नै हर क्षेत्रमा चिलाइरहने लुतोझैं बेथितिको रास थुप्रिएको थियो र तिनको उपचारबेगर सरकारले कुनै पनि नवप्रवर्तनमा हात हालिहाल्ने अवस्था थिएन । अब बिस्तारै बिगतको परिपाटीमा परिवर्तन आइरहेको छ । सातामा दुई दिन बिदा हुन्छ, तर कार्यालय खुलेका दिन कर्मचारीले इमानदारितासाथ सेवाग्राहीलाई सन्तुष्ट तुल्याएर फिर्ता पठाउने काम गरिरहेको पाउँछौं ।**

**यो देशका लागि, जनताका लागि र स्वयम् सरकारका लागि गर्व गर्ने विषय बनेको छ । प्रतिपक्षी दीर्घाबाट पनि सरकार विशेषगरि प्रधानमन्त्रीको कामप्रतिको लगाव देखेर प्रशन्नता व्यक्त भइरहेको छ । यसरी नै हामी सुधारको बाटो लाग्यौं भने हाम्रो सुशासनको लक्ष्य टाढा रहने छैन । हालै प्रकाशित एउटा आर्थिक प्रतिवेदनअनुसार विगतमा राज्यकोषमा व्रहमलुट भएको तस्बिर हाम्रासामु आउँछ । महालेखा परीक्षक तोयम रायको एउटा रिपोर्टअनुसार गत आवको बेरुजु १५ खर्ब ४३ अर्ब रहेको देखिएको छ । कानुन मिचेर गरिएको यस्तो खर्चको जिम्मेवार अधिकारी कानुनी कारबाहीमा पर्छन् कि पर्दैनन् ? कि उम्किने गर्छन् र ? तमाम जनतालाई यो थाहै हुँदैन ।**

**सिंहदरबार र उसका छहारीमा खडा गरिएका अनगिन्ती कार्यालय र अड्डामै आर्थिक अनुशासनहीनता र अराजकता छाएको गुनासो हामी सञ्चारमाध्यमबाट थाहा पाउँछौं । वर्षभरि कति यस्ता घटना भए–एआई पनि भन्न असमर्थ छ । देशमा वर्षौंअघिबाट सुरु भएका झण्डै २७–२८ वटा गौरवका आयोजना रहेको बुझिन्छ । तर, हालसम्म मात्र तीनवटा सम्पन्न भए रे गौरवसाथ भनिएको सुनिन्छ । दुरदराजमा बस्ने नेपाली जनताले गोठालो जाँदा गाएको गीत भाइरल बन्छ, भ्रष्टाचारीलाई जेलमा हाल, वी वान्ट करप्सन फ्री नेपाल ।**

**जनेच्छानुसार सरकार आयो तर सरकारको सुरुको गति किन हराउँदै गइरहेको छ, बुझ्न गाह्रो भइसक्यो । प्रम सिंहदरबारमा बसेर एघार घण्टा काम गर्छन्, संसद्भित्र पनि राष्ट्रिय कामको बोझले गर्दा उनले बस्ने समय निकाल्न गाह्रो हुने गरेको स्रोत बताउँछन् । के प्रधानमन्त्री एक्लैले सम्पूर्ण नेपाललाई हामीले सोचेजस्तो भ्रष्टाचारमुक्त सुशासनको पथमा अगाडि बढाउन सक्ने सामर्थ्य राख्छन् त, जनतासँग प्रत्यक्ष वार्तालाप गर्न नसके पनि सामाजिक सञ्जालमार्फत् स्टाटस लेखेर उनले आफ्ना मनभित्रका उद्वेलित ज्वारलाई साम्य पार्ने अथक् प्रयास गर्दै आइरहेको छ । तर, समाजमा व्याप्त अनेक विविधता, असमानता, अभाव, अनुशासन शून्य वातावरण र स्वार्थान्धताले हामीलाई कता डोऱ्याइरहेको छ, त्यो अस्पष्ट छ । हाम्रा नेताहरुले भावनामा बग्ने छुट पाउँदैनन् । अविचल धैर्य लिएरमात्र काम गर्न तत्पर रहनुपर्छ । विरोधीले घोचपेच त गर्छन् नै ।**

**तर, जनता तपाईंहरुसँगै छन् । देशको उन्नतिका लागि हुटहुटी लिएर जुटेका हाम्रा नेताहरुले आफ्ना सबै छाडेर अहोरात्र काम गर्दा पनि विरोधीहरुको स्वर चर्को हुँदै जानु देशकै लागि दुर्भाग्यको कुरा हो । बुर्किना फासोका राष्ट्रपति ३६ वर्षीय युवा इब्राहिम ट्रोरेले झैं पाइला नरोकी अगाडि बढ्दै जानुस्, नेपाली जनताको अपेक्षा यही हो । सदनभित्र तपाईंहरु १ सय ८२ को संख्यामा हो । विरोधीहरुको संख्या नगण्य छ ।**

# सभामुखबिना नै बजेट अधिवेशन



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशसभाको बजेट अधिवेशन आउँदो सोमबारका लागि आह्वानका लागि प्रदेश प्रमुख सिफारिस गर्ने निर्णय गरिएको छ। बिहीबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकले आउँदो सोमबार प्रदेशसभा बैठक आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको हो । प्रदेश सरकारका प्रवक्ता मन्त्री प्रभात तामाङका अनुसार बजेट अधिवेशन जेठ ११ गतेदेखि सञ्चालन हुनेछ ।

यससँगै मन्त्रिपरिषद्ले मन्त्रालयहरुको संख्या घटाइएपछि नयाँ संरचनाअनुसार जिम्मेवारी र कार्यक्षेत्र व्यवस्थापन गर्न प्रदेश सरकारको कार्यविभाजन नियमावली संशोधन गर्ने निर्णय पनि गरेको छ। तामाङका अनुसार मन्त्रालयहरुको पुनर्संरचनापछि कार्यक्षेत्रमा स्पष्टता ल्याउन नियमावली परिमार्जन गरिएको हो ।

बागमती प्रदेशसभाको सभामुख चयन गर्ने विषयमा अझै पनि दलहरु बीच टुंगो लागेको छैन । र नेकपा एमालेबीच सभामुख कसलाई बनाउने भन्ने टुंगो नलाग्दा आउँदो वर्षे अधिवेशनमा पनि सभामुख चयन प्रक्रिया अगाडि बढाउने वा नबढाउने भन्ने विषयमा अन्यौलता छ ।





## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।






प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने